नगर कार्यपालिकाबाट पारित मिति : २०७६।०९।०२

# नलगाड नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७६

## नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दल्ली, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल

**प्रमाणीकरण गर्ने**

नामः सुरेन्द्र सिंह

पदः निमित्त प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७६/०९/०२

पृष्ठ संख्या : ०७

दस्तखत :



Scanned by CamScanner

# नलगाड नगरपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७६

सम्वत् २०७६ सालको कार्यविधि नं. ३

**प्रस्तावना:** नलगाड नगरपालिका क्षेत्रभित्र रहेका पुर्वाधार, सम्पदा, उपकरण आदिको मर्मत सम्भार सम्वन्धी कार्यलाई व्यवस्थित बनाउन प्रभावकारी रुपले खर्च गरी मितव्ययिता र दिगो वनाउन आवश्यक भएको, मर्मत सम्भार सम्वन्धि कार्यहरुको नियमन गर्न र लाभग्राहीलाई जवाफदेही बनाउन बाञ्छनीय भएकोले, नलगाड नगरपालिकाको विनियोजन ऐन वमोजिम विनियोजित वजेटको कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) बमोजिम नगर कार्यपालिकाबाट पारित गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "**नलगाड नगरपालिका मर्मत सभार कोष संचालन कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यविधि"** भन्नाले **"नलगाड नगरपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७६"** लाई सम्झनुपर्छ।

(ख) **"नगरपालिका"** भन्नाले नलगाड नगरपालिकालाई सम्झनुपर्छ।

(ग) **"नगर कार्यपालिका"** भन्नाले नलगाड नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) **"स्थानीय तह"** भन्नाले नलगाड नगरपालिकालाई सम्झनुपर्छ।

(ङ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया वमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ।

(च) **"प्रमुख"** भन्नाले नलगाड नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(ज) **"भौतिक पूर्वाधार"** भन्नाले नगरपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटवन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनीक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ।

(झ) **"समिति"** भन्नाले यो कार्यविधिको दफा (८) वमोजिमको मर्मत सम्भार कोष सञ्चालक समितिलाई सम्झनुपर्छ।

**३. उदेश्य** : यो कार्यविधिको उदेश्य निम्नानुसार रहेको छ :

(क) पूर्वाधारहरु दिगो रुपमा सञ्चालन हुने अवस्थाको सृजना गर्ने।

(ख) स्थानीय श्रम सिप र प्रविधिको उपयोग गरी आयोजनाहरुको मर्मत सम्भार गर्ने।

(ग) समयमा नै मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनवाट जोगाउन।

(घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने।

**४. मर्मत सम्भार कोष स्थापना** : (१) मर्मत सम्भार कोषको नाममा नगरपालिकामा एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय वमोजिमको रकम जम्मा हुनेछ :

(क) नेपाल सरकारवाट प्राप्त हुने अनुदान रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम।

(ग) सभावाट विनियोजित भएको रकम।

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुबाट प्राप्त हुने रकम।

(ङ) अन्य स्रोतवाट मर्मत संभार कोषमा प्राप्त हुने रकम।

**५. खर्च गर्ने कार्यक्षेत्र** : (१) मर्मत सम्भार कोषवाट देहाय वमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ।

(क) ढल निकास मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य।

(ख) वडा कार्यालय तथा सामुदायिक भवनहरु मर्मत कार्य।

(ग) खानेपानी मुहान, पाईप तथा धारा मर्मत कार्य।

(घ) बिद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य।

(ङ) सडकका खाल्डा खुल्डा पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य।

(च) तटवन्ध, वाँध मर्मत तथा ग्याविन जाली लगाउने कार्य।

(छ) सामुदायिक विद्यालय, स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य।



Scanned by CamScanner

(ज) पुल तथा कल्भर्ट सामान्य मर्मत सम्भार कार्य ।

(झ) भैपरी आउने आकष्मिक स-साना मर्मत कार्यहरु ।

(ञ) धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

**६. आयोजनाको कार्यान्वयन र व्यवस्थापन :** (१) मर्मत सम्भार हुने आयोजनाहरू नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा, सहकारी संस्था, गैरसरकारी संस्था, सामुदायिक संस्थाले उपभोक्ता समितिबाट दोहोरो नपर्ने गरी कार्यान्वयन गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिका सदस्यलाई आयोजना मर्मत सम्भारका लागि तालिम आवश्यक भएमा सो समेत प्रदान गर्न सकिनेछ ।

(३) उपभोक्ता समितिले त्यस्तो आयोजनाबाट सेवा प्राप्त गर्ने उपभोक्ताबाट नियमानुसार सेवा शुल्क असुल गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सेवा शुल्कको रकम सम्बन्धित आयोजनाको मर्मत, सम्भार र संरक्षणमा खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको आम्दानी खर्चको विवरण उपभोक्ता समितिले अद्यावधिक गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि एकलाख सम्म लागत अनुमान भएका आयोजनाको मर्मत सम्भार कार्य अमानतबाट गराउन बाधा पर्ने छैन ।

**७. खर्च गर्ने विधि र प्रक्रिया :** (१) मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि र प्रक्रिया निम्नानुसार हुनेछ :

(क) मर्मत सम्भार कोषबाट एउटा आयोजनाको मर्मत सम्भारको लागि एक पटकमा तीनलाख भन्दा बढी रकम खर्च गर्न पाईने छैन ।

(ख) एक पटकमा अधिकतम तीनलाख सम्मको मर्मत सम्भार सम्वन्धि कार्यको रकम प्राविधिक लागत अनुमानको आधारमा समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ । आयोजनाको मर्मत सम्भार कार्य सम्पन्न भएको एक महिना भित्र सम्वन्धित वडा समितिको निर्णय सहित कार्यसम्पन्न प्राविधिक मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(ख) वडा समितिको सिफारिसको आधारमा आकष्मिक मर्मत सम्भार कार्यको लागि अधिकतम पचास हजार सम्मको रकम समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ तर त्यस्तो कार्यको कार्यसम्पन्न प्राविधिक मूल्यांकन प्रतिवेदन सात दिनभित्र सम्वन्धित वडा समितिले निर्णय सहित पेश गर्नुपर्नेछ ।

(घ) तीनलाख भन्दा वढी लागत अनुमान भएको आयोजनाको मर्मत सम्भार कार्य गर्नु परेमा श्रोतको सुनिश्चितताको लागि समितिले नगर सभामा सिफारिस गर्नु पर्नेछ ।

(ङ) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीले कार्यसम्पन्न प्राविधिक मुल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) अनुगमन प्रतिवेदन तथा आवश्यक विल भरपाई, डोर हाजिरी, वडा समितिको सिफारिसका आधारमा मर्मत सम्भार कार्यको भुक्तानी दिईनेछ ।

(छ) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

८. **मर्मत सम्भार कोष सञ्चालक समिति** : (१) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष सञ्चालक समिति रहनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(च) पूर्वाधार विकास शाखाको प्रमुख/ प्रतिनिधि एक जना - सदस्य

(छ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित वडाका प्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(४) समितिको वैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**९. मर्मत सम्भार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) मर्मत सम्भार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका क्षेत्रभित्र मर्मत सम्भार गर्नुपर्ने विभिन्न आयोजनाहरुको प्राथमिकता तोकि वार्षिक कार्यक्रम तथा कार्ययोजना वनाउने ।

(ख) मर्मत सम्भार कोषमा जम्मा हुने रकमको सुनिश्चितता गर्ने ।

(ग) सडक, ढल, खानेपानी, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यहरुको लागि व्यवस्थापकीय कार्यहरु गर्ने ।

(घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायहरुको खोजी गर्ने ।

(ङ) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने ।

(च) आवश्यकता अनुसार मर्मत सम्भार समिति गठन गरी कार्य जिम्मेवारी दिने

(छ) मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी वनाउन निर्देशन दिने ।

**१०.कोष सञ्चालन :** (क) कोषको नाममा प्राप्त हुन आएको रकम नलगाड नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(ख) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले र अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**११.मर्मत सम्भारको लागि छनौटको मापदण्ड :** (१) उपभोक्ता समिति, वडा समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिवाट मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

(क) सवैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।



Scanned by CamScanner

(ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

(ग) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा ।

(घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

(ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा ।

(च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

**१२.अनुगमन तथा सुपरिवेक्षण** : (१) मर्मत सम्भार कोषबाट सञ्चालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्यांकन देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक मर्मत कार्यको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गर्नुपर्नेछ ।

(ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष सञ्चालक समितिबाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।

(ग) वडा स्तरीय अनुगमन समितिले अनुगमनको प्रतिवेदन मर्मत सम्भार कोष सञ्चालक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(घ) अनुगमन प्रतिवेदनमा औल्याईएका सुझावहरुलाई मर्मत सम्भार कोष सञ्चालक समितिमा छलफल गरि आवश्यक सुधार गर्नु पर्नेछ ।

**१३. फ्रिज नहुने :** (१) मर्मत सम्भार कोषमा खर्च नभई बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने छैन ।

**१४. अधिकार प्रत्यायोजन :** (१) समितिले यस कार्यविधि बमोजिमको अधिकार नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. संसोधन वा परिमार्जन :** (१) यस कार्यविधिको कुनै दफामा संसोधन वा परिमार्जन गर्नु परेमा नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१६. कानुन बमोजिम हुने :** यो कार्यविधिमा उल्लेख गरिएका विषयहरु यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

**१७. बचाउ :** यो कार्यविधि कार्यान्वयन हुनु भन्दा अगाडी भएका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

प्रमाणीकरण गर्ने

नामः सुरेन्द्र सिंह

पदः निमित्त प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७६/०९/०२

पृष्ठ संख्या : ०७

दस्तखत :

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner